## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः** शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय, पानीमुहान, काठमाडौं

**सूचना सार्वजनिक गरेको अवधिः**

चा.लु आ.व २०८२/०८३ (वैशाख देखि असार सम्म)।

### १. कार्यालयको स्वरुप र प्रकृति

बि.सं. २००७ देखि बि.सं. २०३२ साल सम्म २५ वर्षको अवधिमा अत्यधिक वन विनाश र अतिक्रमणका कारण पवित्र वाग्मती र विष्णुमती नदीको जलाधार क्षेत्रको विनाश भएकोले यी नदीहरुको जलाधार क्षेत्र संरक्षण गर्न नेपाल सरकारले बि.सं. २०३२ सालमा शिवपुरी जलाधार संरक्षण क्षेत्रको रुपमा घोषणा गरी संरक्षणको सुरुवात गरेको थियो । त्यसको दुई वर्ष पश्चात् बि.सं. २०३४ सालमा यसलाई शिवपुरी संरक्षित जलाधार क्षेत्र र वि.सं. २०३९ (सन् १९८३) मा शिवपुरी जलाधार क्षेत्र तथा वन्यजन्तु आरक्षको रुपमा संरक्षण गर्न थालियो । काठमाडौं, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाको समुन्द्र सतहदेखि ९६० मिटरदेखि २७३२ मिटर उचाईसम्म फैलिएको मध्य पहाडी भूभागको उपोष्णदेखि समशितोष्ण क्षेत्रको १४४ वर्ग किमी क्षेत्रफल रहेको क्षेत्रलाई बि.सं. २०५८ साल फाल्गुन ६ गते (सन् २००२ फेब्ब्रुवरी १८) मा शिवपुरी राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गरीयो । बि.सं. २०६५ (सन् २००९) सालमा १५ वर्ग किमी क्षेत्रफल भएको काठमाडौं र धादिङ जिल्लामा अवस्थित नागार्जुन वन क्षेत्रलाई पनि समावेश गरी शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको रुपमा घोषणा गरीयो । यो राष्ट्रिय निकुञ्ज काठमाडौँ उपत्यकाको उत्तर र पश्चिममा फैलिएको छ र यसले नेपालको संरक्षित क्षेत्र प्रणालीमा मध्य पहाडी भूभागको पारिस्थिकीय प्रणालीको प्रतिनिधित्व गरेको छ । निकुञ्ज र मध्यवर्ती क्षेत्रको जैविक विविधताको संरक्षण र व्यवस्थापनमा स्थानीय बासिन्दाको सक्रिय सहभागिता हासिल गर्न बि.सं. २०७२ (सन् २०१६) मा काठमाडौं, नुवाकोट, सिन्धुपाल्चोक र धादिङ जिल्लाका ९ नगरपालिका र २ गाउँपालिकाको ११८.६१ वर्ग किमी क्षेत्रफल समेटेर मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ।यस कार्यालयले वन्यजन्तु संरक्षण, यिनीहरुको बासस्थान व्यवस्थापन साथै मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने कार्य गर्दै आईरहेको छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

- वन्यजन्तु र यिनीहरुको बासस्थानको संरक्षण र व्यवस्थापन गर्ने ।
- वन्यजन्तुको चोरी सिकारी नियन्त्रण गर्ने ।
- मध्यवर्ती क्षेत्रको संरक्षण, व्यवस्थापन साथै यहाँ बसोबास गर्ने स्थानीय जनताका आवश्यकता पहिचान गरि सामुदायिक विकास, सीप विकास तथा आयआर्जनमा टेवा पुर्याउने गर्ने ।
- मानव वन्यजन्तु विचको द्वन्द न्युनिकरण गर्ने र मध्यवर्ती क्षेत्रका जनतालाई वन्यजन्तु वाटभएको क्षेतिको राहत उपलब्ध गराउने ।
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा नियमित रुपमा गस्ति गर्ने गराउने ।
- वन्यजन्तुहरुको अवस्थाको बारेमा जानकारी लिई विवरण अद्यावधिक गर्ने ।
- वन्यजन्तुको उद्दार, उपचार साथै पुनर्स्थापना गर्ने ।
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा भए गरेका गैरकानूनी कार्यहरुको सम्बन्धमा दोषी पत्ता लगाई कानून बमोजिम सजाय गर्ने ।
- अध्ययन, अनुसन्धान गर्ने गराउने ।
- पर्यापर्यटन व्यवस्थापन तथा नियमन गर्ने ।
- विभिन्न आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन तथा निरीक्षण गर्ने ।

## ३. कार्यालयमा रहने कर्मचारी दरबन्दी विवरण

| क्रस | पद नाम | श्रेणी वा तह | सेवा | समूह | दरबन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ संरक्षण अधिकृत | रा.प. द्वितिय | नेपाल वन सेवा | नेसनल पार्क एण्ड वाईल्ड लाईफ | १ | १ | ० | |
| २ | संरक्षण अधिकृत | रा.प. तृतिय | नेपाल वन सेवा | नेसनल पार्क एण्ड वाईल्ड लाईफ | ५ | ५ | ० | |
| ३ | लेखा अधिकृत | रा.प. तृतिय | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |
| ४ | शाखा अधिकृत | रा.प. तृतिय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| ५ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| ६ | नायब सुब्बा (कानून) | रा.प.अनं.प्रथम | नेपाल न्याय सेवा | कानून | १ | १ | ० | |
| ७ | लेखापाल | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |
| ८ | रेञ्जर | रा.प.अनं.प्रथम | नेपाल वन सेवा | नेसनल पार्क एण्ड वाईल्ड लाईफ | १० | १० | ० | |
| ९ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध सेवा | | १ | १ | ० | |
| १० | सव ईन्जिनियर | रा.प.अनं.प्रथम | नेपाल ईन्जिनियरिङ्ग | सिभिल/जनरल | १ | ० | १ | |
| ११ | खरिदार | रा.प.अनं.द्वितिय | नेपाल प्रशासन | सामान्य प्रशासन | ८ | ८ | ० | |
| १२ | सिनियर गेमस्काउट | रा.प.अनं.द्वितिय | नेपाल वन सेवा | नेसनल पार्क एण्ड वाईल्ड लाईफ | १६ | १६ | ० | |
| १३ | सि. गेमस्काउट | रा.प.अनं. तृतीय | नेपाल वन सेवा | नेसनल पार्क एण्ड वाईल्ड लाईफ | ३ | ० | ३ | |
| १४ | गेमस्काउट | श्रेणीविहिन | नेपाल वन सेवा | नेसनल पार्क एण्ड वाईल्ड लाईफ | ५७ | ५१ | ६ | ६ लोकसेवा आयोगमा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | माग गरिएको, काजमा कार्यरत ३ जना |
| १५ | हलुका सवारी चालक | श्रेणीविहिन | नेपाल ईन्जिनियरिङ्ग | मेकानिकल | ४ | ३ | १ | करार सेवावाट पदपूर्ती |
| १६ | कार्यालय सहयोगी | श्रेणीविहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | ० | ४ करार सेवावाट पदपूर्ती |
| | **जम्मा** | | | | ११६ | १०० | १६ | |

## ४. निकायबाट प्रदान गरिने सेवाहरु, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क्र. सं | कार्यालयबाट प्रदान गरिने सेवाहरु | सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्न लाग्ने दस्तुर | सेवा प्रदान गर्न लाग्ने समय |
|---|---|---|---|---|
| १ | राष्ट्रिय निकुञ्जमा प्रवेश दस्तुर लिएर प्रवेश गर्नको लागि अनुमती दिईने | तोकिएका प्रवेशद्वारहरु | नेपाली नागरिकलाई रु. १००।-<br>सार्क मुलुकलाई रू. ६००।-<br>विदेशी नागरिकलाई रू. १,०००।- | १० मिनेट |
| २ | तालिम प्राप्त गाईडहरुलाई परिचय पत्र दिने | योजना शाखा | प्रति गाइड प्रतिवर्ष रू.२,५ ००।- | १५ मिनेट |
| ३ | मध्यवर्ती क्षेत्रको योजना सम्झौता र प्रथम किस्ता निकासा | मध्यवर्ती तथा अनुगमन शाखा र लेखा शाखा | निः शुल्क | ७ दिन |
| ४ | किस्ताहरुको निकासा र फरफारक | मध्यवर्ती तथा अनुगमन शाखा र लेखा शाखा | निः शुल्क | ७ दिन |
| ५ | वन्यजन्तुबाट हुने क्षतिको राहत रकम वितरण | मध्यवर्ती तथा अनुगमन शाखा र लेखा शाखा | निः शुल्क | १५ दिन |
| ६ | मध्यवर्ती सामुदायिक वनको विधान दर्ता, कार्ययोजना स्वीकृत र वन हस्तान्तरण । | मध्यवर्ती तथा अनुगमन शाखा | निः शुल्क | ३ दिन |
| ७ | घरेलु उद्योग दर्ताका लागि सहमति | मध्यवर्ती तथा अनुगमन शाखा | निः शुल्क | सोही दिन |
| ८ | खानेपानी सम्बन्धी अनुमति | योजन शाखा | निः शुल्क | फिल्ड प्रतिवेदन प्राप्त भएको २ दिनमा |

| क. सं | कार्यालयबाट प्रदान गरिने सेवाहरु | सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्न लाग्ने दस्तुर | सेवा प्रदान गर्न लाग्ने समय |
|---|---|---|---|---|
| ९ | नम्बरी आवादीको रुख कटान र वन पैदावर ओसारपसारको अनुमति | मध्यवर्ती तथा अनुगमन शाखा | नेपाल सरकारले तोकेको राजश्व शुल्कको १३% मु.अ.क | फिल्ड प्रतिवेदन प्राप्त भएको ३ दिनमा |
| १० | विल भुक्तानी लगायतका आर्थिक कारोवार । | आर्थिक प्रशासन शाखा | निः शुल्क | ७ दिन |
| ११ | मुद्धा अनुसन्धान तथा फैसला । | अनुसन्धान अधिकृत मुद्धा फाँट / प्रमुख | | |
| १२ | अध्यन/ अनुसन्धान अनुमति। | योजना शाखा | निः शुल्क | सोही दिन |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- **निर्णय गर्ने प्रक्रिया** : निर्णयसंग सम्बन्धित प्रचलित ऐन, नियम कानुन, मापदण्ड तथा निर्देशिका आदिको आधारमा ।
- **निर्णय गर्ने अधिकारी**ः बरिष्ठ संरक्षण अधिकृत विष्णु प्रसाद श्रेष्ठ

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

डा.बुद्धि सागर पौडेल, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## ७. कार्यालयले आ.व. २०८२/८३ को वैशाख देखि असार सम्ममा सम्पादन भएका कामको विवरण

### ७.१ पर्यटक आगमनको स्थितिः

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा आर्थिक वर्ष २०८२/०८३ को वैशाख देखि असार सम्ममा २,०४,५७७ (दुई लाख चार हजार पाँच सय सतहत्तर) जना पर्यटकहरुले भ्रमण गरेका छन् । यसरी भ्रमण गर्ने पर्यटकहरुमा नेपाली २,०१,७७० जना, सार्क राष्ट्रबाट ८४९ जना तथा अन्य राष्ट्रबाट २५४२ जना रहेका छन् ।

| सि.नं |  |  | बैशाख | जेठ | असार | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नेपाली | महिला | २५९८१ | ३९३४५ | ३६४४४ | १०१७७० |
|  |  | पुरुष | २७५१५ | ३५४२४ | ३६४७७ | ९९४१६ |
|  |  | अन्य | ० | ० | ० | ० |
|  |  | जम्मा | ५३४९६ | ७४७६९ | ७२९२१ | २०११८६ |
| २ | सार्क | महिला | ५८ | १४२ | १२७ | ३२७ |
|  |  | पुरुष | १११ | २२० | १९१ | ५२२ |
|  |  | अन्य | ० | ० | ० | ० |
|  |  | जम्मा | १६९ | ३६२ | ३१८ | ८४९ |
| ३ | अन्य विदेशी पर्यटक | महिला | ४४६ | ४१७ | ४४० | १३०३ |
|  |  | पुरुष | ५१५ | ४१५ | ३०९ | १२३९ |
|  |  | अन्य | ० | ० | ० | ० |
|  |  | जम्मा | ९६१ | ८३२ | ७४९ | २५४२ |
|  |  | कूल जम्मा | ५४६२६ | ७५९६३ | ७३९८८ | २०४५७७ |

## ७.२ राजश्व विवरण

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा आर्थिक वर्ष २०८२/०८३ को वैशाख देखि असार सम्म २,६३,०९,९९३.८३ (दुई करोड त्रिसठ्ठी लाख नौ हजार नौ सय त्रियानब्बे रुपैयाँ त्रियासी पैसा) राजश्व  (मु.अ.कर समेत) संकलन भएको छ। शिर्षक अनुसार संकलित राजश्वको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.न. | राजश्व शीर्षक | विवरण | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ११४१९ | बाँडफाड हुने बाहेक अन्य स्रोतबाट प्राप्त मूल्य अभिबृद्धि कर | ३००३४२४.५१ |  |
| २ | १४१५१ | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | ९७५.३० |  |
| ३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० |  |
| ४ | १४२६४ | वन क्षेत्रको अन्य आय | १०२०० |  |
| ५ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ५२,०४० |  |
| ६ | १४३१३ | धरौटी सदस्याहा | ० |  |
| ७ | १५१११ | बेरुजू | ४२००० |  |
| ८ | ३३३६१ | वन क्षेत्रको रोयल्टी | २३२०१३५४.०२ |  |
|  |  | **जम्मा** | **२६३०९९९३.८३** |  |

## ७.३ आ.व. २०८२/८३ वैशाख देखि असार सम्म उद्दार तथा मृत्यु भएको वन्यजन्तुको विवरण

| क्र.स. | वन्यजन्तु मृत्युको विवरण | | | घाईते वन्यजन्तु उद्दार तथा पुनर्स्थापना विवरण | | |
|---|---|---|---|---|---|---|
| | प्रजाति | मृत्यु संख्या | कारण | प्रजाति | घाईते /उद्दार संख्या | कैफियत |
| १ | चितुवा | २ | प्राकृतिक | चितुवा | १ | घाइते/डी.व.काबाट उद्दार गरि छाडिएको |
| २ | बँदेल | १ | प्राकृतिक | बँदेल | १ | चितुवाले घाइते बनाएको |
| ३ | रतुवा | ३ | १ चोटपटक<br>२ प्राकृतिक | निर बिरालो | ५ | आमाले छाडेको/ घाइते/ बस्तीमा गएको |
| ४ | निर बिरालो | १ | १ प्राकृतिक<br>१ चोटपटक | रतुवा | ३ | घाइते/ अस्वस्थ/ कुकुरले लखेटेर बस्तीमा गएको |
| ८ | चरी बाघ | १ | सडक दुर्घटना | | | |
| १० | बाँदर | १ | चोटपटक | | | |

## ७.४ मुद्दा सम्बन्धि विवरण

### २०८२/८३ मा वैशाख देखि असार सम्म फैसला भएका मुद्दाका विवरण

| क्र.स. | मुद्दाको नाम तथा विवरण | जाहेरी तथा मुद्दा दर्ता मिति | मुद्दा दर्ता नं /आ.व. | वादी | प्रतिवादी | फैसला भएको मिति | फैसला गर्ने अधिकारी | फैसलामा :कैद/ जरिवाना/ बरादी दसी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मध्यवर्ती क्षेत्र भित्रको घट्टेखोला स्थित सार्वजनिक क्षेत्रमा डोजर लगाई ढुंगा उत्खनन गरेको | जा : २०७९/०७/०४<br>मु.द. : २०७९/११/२१ | ४/ ०७९-८० | सं.अ. रविन चौधरी समेतको जाहेरी प्रतिवेदन ले नेपाल सरकार | जि.धादिङ धुनिवेशी न.पा.१ बस्ने वर्ष २८ को बुद्धिमान तामाङ समेत ६ जना | प्रथम पटक : २०८०/०९/२२<br>दोस्रो पटक : मिति २०८३/०१/१४ | प्रथम पटक : वरिष्ठ संरक्षण अधिकृत डा.गणेश पन्त<br>दोस्रो पटक : वरिष्ठ संरक्षण अधिकृत डिल बहादुर पुर्जा पुन | प्रथम पटक : बरादी सवारी साधनहरु जफत र जरिवाना<br>दोस्रो पटक : बरामदी सवारी साधनहरु फिर्ता र जरिवाना | प्रतिवादी द्वारा प्रथम पटकको फैसला चित्त नबुझेकाले जि. अदालत काठमाडौंमा पुनरावेदन गरेको। |

| क्र.स. | मुद्दाको नाम तथा विवरण | जाहेरी तथा मुद्दा दर्ता मिति | मुद्दा दर्ता नं /आ.व. | वादी | प्रतिवादी | फैसला भएको मिति | फैसला गर्ने अधिकारी | फैसलामा :कैद/ जरिवाना/ बरादी दसी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| ४ | अबैध रुपमा निकुञ्ज प्रवेश गरेको | जा : २०८१/१०/२५<br>मु.द. : २०८१/११/१८ | ३/०८१-८२ | सिनियर गेमस्काउट नन्द बहादुर बस्नेतको जाहेरीले वादी नेपाल सरकार | जि.नुवाकोट शिवपुरी गा.पा.७ नयाँगाउँ बस्ने वर्ष २१ को निसान तामाङ | २०८३।०३।१९ | वरिष्ठ संरक्षण अधिकृत विष्णु प्रसाद श्रेष्ठ | जरिवना तोकिएकोमा जरिवाना धरौटीबाट कट्टागरी बाँकी फिर्ता गर्न बाँकी<br>बरामद : दसी जफत | |
| ५ | कालिज पक्रेर राखेको | जा : २०८२/०४/१५<br>मु.द. : २०८२/०७/१९ | १/०८२-८३ | सिनियर गेमस्काउट तिर्थराज छत्यालको जाहेरीले वादी नेपाल सरकार | जि.काठमाडौ टोखा न.पा. २ बस्ने वर्ष ४६ का सानुकाजी डंगोल समेत ६ जना | २०८३।०३।२९ | वरिष्ठ संरक्षण अधिकृत विष्णु प्रसाद श्रेष्ठ | जरिवना तोकिएकोमा जरिवाना धरौटीबाट कट्टागरी बाँकी फिर्ता गर्न बाँकी<br>बरामद : सामाग्री नभएको | |

## ७.५ वन्यजन्तुबाट भएको क्षतिको राहत विवरण

| सि.नं. | मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको नाम | पिडित संख्या | माग रकम (रु) | उपलब्ध गराईएको रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मणिचुड म.उ.स. | ६१ | १०६९८०० | ३०४५०० | |
| २ | ककनी ओखरपौवा म.उ.स. | ३५० | ८१४४२०० | २०४९५०० | |
| ३ | गुर्जेभञ्याङ म.उ.स. | ३७० | ५२६८५०० | १६३६००० | |

| सि.नं. | मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको नाम | पिडित संख्या | माग रकम (रु) | उपलब्ध गराईएको रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|
| ४ | गोलढुङ्गा जीतपुर म.उ.स. | ५२ | १३६३८०० | ३५२५०० | |
| ५ | बिष्णु चपली म.उ.स. | ९ | १२०००० | ३४००० | |
| ६ | बौडेश्वर महादेव म.उ.स. | ० | ० | ० | |
| ७ | रामकोट भिमढुङ्गा छत्रेदेउराली म.उ.स. | २१५ | २१६८००० | ९०७००० | |
| ८ | चिसापानी म.उ.स. | ३५० | ४९५०१०० | १७१२००० | |
| ९ | सिन्धु शिवपुरी म.उ.स. | ६५१ | ५७३१५०० | २३०४००० | |
| १० | सुन्दरीजल शिवपुरी म.उ.स. | १७७ | १९८०६०० | ६७०००० | |
| ११ | इचंगु नारायण म.उ.स. | ६ | ९२७५० | २८५०० | |
| **जम्मा** | | **२२४१** | **३०८८९२५०** | **९९९८०००** | |

## ७.६ आ.व. २०८२/०८३ वैशाख देखि असार सम्म उपलब्ध गराइएको खानेपानी निर्माण तथा मर्मत अनुमतिको विवरण

| क.स. | खानेपानी उपभोक्ता समिति/ आयोजनाको नाम | ठेगाना | | | मध्यवर्ती उपभोक्ता समिति | सेक्टर | अनुमति प्रदान गरेको मिति | | | लाभान्वित घरधूरी संख्या | नयाँ / मर्मत | जी. पी. एस. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | पालिका | वडा नं. | | | साल | महिना | गते | | | x | y | |
| १ | बुद्धटोल खानेपानी उपभोक्ता समिति | नुवाकोट | ककनी | ०५ | ककनी ओखरपौवा | ढकालचौर | २०८३ | ०१ | ०२ | | निर्माण | ३३०७०० | ३०७६९६१ | |
| २ | घमाइलो माखलो टोल खानेपानी उपभोक्ता समिति | नुवाकोट | ककनी | ५ | ककनी ओखरपौवा | ढकालचौर | २०८३ | ०१ | ०२ | | निर्माण | ३३१३५१ | ३०७७५३४ | |
| ३ | जम्बुडाँडा खानेपानी उपभोक्ता समिति | काठमाडौं | तारकेश्वर | २ | बौडेश्वर महादेव | ढकालचौर | २०८३ | ०१ | ०८ | | निर्माण | ०३२९१२ | ३०७५६३६ | |
| ४ | लक्ष्मीपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति | काठमाडौं | तारकेश्वर | १ | बौडेश्वर महादेव | ढकालचौर | २०८३ | ०१ | १४ | | निर्माण | ०३३३८७३ | ३०७६५१८ | खानेपानी संकलन ट्यांकी |
| ५ | तामाङ बस्ती खानेपानी पूर्वाधार निर्माण उपभोक्ता समिति | काठमाडौं | टोखा | १ | बौडेश्वर महादेव | ढकालचौर | २०८३ | ०१ | १४ | | निर्माण | ३३५९५९ | ३०७६५४४ | खानेपानी संकलन ट्यांकी |
| ६ | गलमटी खानेपानी उपभोक्ता समिति | काठमाडौं | गोकर्णेश्वर | २ | सुन्दरीजल शिवपुरी | सुन्दरीजल | २०८३ | ०१ | २३ | | मर्मत | ३४४००५ | ३०७३००३ | खानेपानी पाइपलाइन विछ्याउने(म्याद थप) |
| ७ | ठुलो खोला खानेपानी निर्माण उपभोक्ता समिति | नुवाकोट | ककनी | १ | ककनी ओखरपौवा | ढकालचौर | २०८३ | ०१ | २३ | | मर्मत | ०३३३६८८ | ३०७५८७१ | इन्टेक तथा पाइपलाइन मर्मत |
| ८ | गागलफेदी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | काठमाडौं | कागेश्वरी मनोहरा | १ | कागेश्वरी मनोहरा नगरपालिका | सुन्दरीजल | २०८३ | ०२ | १३ | | निर्माण | ३४७४८६ | ३०७१५२५ | खानेपानी शद्धिकरण संरचना |
| ९ | ओखेनीचौर खानेपानी उपभोक्ता समिति | सिन्धुपाल्चोक | मेलम्ची | ०३ | सिन्धु शिवपुरी | सुन्दरीजल | २०८३ | ०२ | १३ | १५ | निर्माण | ३४८८२६ | ३०७५४८० | |
| १० | भिमसेन स्थान ट्रस निर्माण उपभोक्ता समिति | काठमाडौं | गोकर्णेश्वर | ०२ | सुन्दरीजल शिवपुरी | सुन्दरीजल | २०८३ | ०२ | १३ | ३०० | मर्मत | ३४२४५९ | ३०७४१५८ | |
| ११ | नयाँपाटी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | काठमाडौं | गोकर्णेश्वर | ०१ | सुन्दरीजल शिवपुरी | सुन्दरीजल | २०८३ | ०२ | २९ | ३०० | मर्मत | ३४५०१६ | ३०७२८१६ | |
| १२ | जलुकेनी खानेपानी तथा सरसफाई उपभोक्ता समिति | नुवाकोट | ककनी | ०१ | ककनी ओखरपौवा | ढकालचौर | २०८३ | ०३ | ०४ | | मर्मत | २७.८००५६५ | ८५.२८३९४९ | |
| १३ | धोविढंगा तल्लो भंगाल खानेपानी उपभोक्ता समिति | काठमाडौं | बुढानीलकण्ठ | ०२ | विष्णु चपली | पानीमुहान | २०८३ | ०३ | ०८ | | मर्मत | ३४०८१८ | ३०७३६३२ | पाइपलाइन जडान मात्र |

| क्र.स. | खानेपानी उपभोक्ता समिति/ आयोजनाको नाम | ठेगाना | | | मध्यवर्ती उपभोक्ता समिति | सेक्टर | अनुमति प्रदान गरेको मिति | | | लाभान्वित घरधूरी संख्या | नयाँ / मर्मत | जी. पी. एस. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | पालिका | वडा नं. | | | साल | महिना | गते | | | x | y | |
| १४ | मेलम्ची २ एक घर एक धारा खानेपानी आयोजना उपभोक्ता समिति | सिन्धुपाल्चोक | मेलम्ची | ०२ | सिन्धु शिवपुरी | सुन्दरीजल | २०८२ | ०९ | २२ | | मर्मत | ३५०२२४ | ३०७४६७४ | |

## ७.६ आ.व. २०८२/०८३ वैशाख देखि असार सम्म उपलब्ध गराइएको अध्ययन अनुसन्धान अनुमतिको विवरण

| SN | Researcher | Research Topic |
|---|---|---|
| 1 | यादव उप्रेति र टिम | Assessment of Biodiversity and Ecosystem Services of the Dhap Dam Wetland, Kathmandu |
| 2 | Minju Karki | Innovative Approaches Using Microalgae for the combined Treatment of Microplastic, Pharmaceutical Residues and Sewage Waste |
| 3 | रेबिका गोले | Functional Trait Responses of Invasive Plants in Forest under different Management Regimes in Kathmandu Valley |
| 4 | गंगा पौडेल | Community perception and willingness to participate in PES |
| 5 | स्तुति आचार्य | Litter decomposition rate along the elevation gradients of Shivapuri Nagarjun National Park and Phulchoki Hill |
| 6 | अस्मिता भट्टराई | Assessment of Algae Diversity and Water Quality along an Anthropogenic Disturbance Gradient in the Bagmati River, Central Nepal |
| 7 | Shahida Shivabhakti | Assessment of Ecotourism and its Contribution to Ecosystem Services |

## ७.७ आ.व. २०८२/०८३ वैशाख  देखि असार सम्म मा नविकरण भएका मध्यवर्ती सामुदायिक वनहरु

| सि.नं. | मध्यवर्ती सामुदायिक वन | हाल ठेगाना | जिल्ला | उपभोक्ता समिति | क्षेत्रफल (हे.) | घरधुरी | जनसङ्ख्या | कार्य योजनाको अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सालकोट | तारकेश्वर न.पा.३, | काठमाण्डौं | गोलढुङ्गा जितपुर | २७.१४ | ७० | ५६३ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| २ | जुगेखोला | नागार्जुन न.पा.३ | काठमाण्डौं | ईचंगुनारायण | ३.२८ | ९८ | ४३९ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ३ | मणिलिङगेश्वर | शंखरापुर न.पा.८ | काठमाण्डौं | मणिचुड कागेश्वरी | १४.४ | ११५ | ६९० | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ४ | लप्सौरा | शंखरापुर न.पा.४ | काठमाण्डौं | मणिचुड कागेश्वरी | ३१.४२ | ११४ | ४५८ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ५ | रात्माटे | शंखरापुर न.पा. ४ | काठमाण्डौं | मणिचुड कागेश्वरी | ३३.०८ | १३३ | ४८८ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ६ | तीनडाँडा महिला | गोकणेश्वर-३,तारेभिर | काठमाण्डौं | सुन्दरीजल शिवपुरी | ७.३९ | १६ | ११३ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ७ | बाटुले सिम | गोकणेश्वर-३,तारेभिर | काठमाण्डौं | सुन्दरीजल शिवपुरी | ५.६५ | २४ | ११५ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ८ | हावेली | ककनी गा.पा २ | नुवाकोट | ककनी ओखरपौवा | २९.५ | ११९ | ६२३ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ९ | गोरखकाली | धुनिवेशी न.पा.१ | काठमाण्डौं | छत्रेदेउराली रामकोट भिमढुङ्गा | १३.८ | ३७ | ३६१ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| १० | चिपागांग मुइसेवागांगा | शिवपुरी गा.पा. १ | नुवाकोट | शिवपुरी चिसापनी | २४.७५ | ९० | २१० | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |
| ११ | राङमेन चिसापानी | शिवपुरी १, तलाखु | नुवाकोट | शिवपुरी चिसापनी | ८.२१ | ९३ | ४७५ | आ.व २०८२/०८३ देखि २०८७/०८८ | |

**८. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद**

| | |
|---|---|
| सूचना अधिकारीको नामः श्री शिवलाल गैरे | कार्यालय प्रमुखको नामः विष्णु प्रसाद श्रेष्ठ |
| पदः संरक्षण अधिकृत | पद : वरिष्ठ संरक्षण अधिकृत |

**९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६ तथा वन नियमावली, २०७९
- वातावरण संरक्षण नियमावली, २०७७
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली,२०७६
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०७३
- मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०
- मध्यवर्ती क्षेत्र (उधोग स्थापना र संचालन) मापदण्ड, २०८०

**१०. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण** वार्षिक प्रतिवेदन संलग्न छ ।

**११. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण**

यस निकुञ्ज कार्यालयको वेबसाईटः www.snnp.gov.np

**१२. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

विभिन्न संघ, संस्था, निकाय, सरकारी कार्यालय, विश्व विद्यालयका विद्यार्थी तथा सेवाग्राही एवं पत्रकारहरुबाट माग भएको सूचना, जानकारी उपलब्ध गराइएको छ । कार्यालयबाट प्रकाशित प्रकाशनहरु निशुल्क रुपमा वितरण गर्ने गरिएको छ । यसको साथै विभिन्न प्रकाशन, सूचनाको Softcopy माग भए बमोजिम उपलब्ध गराउने गरिएको छ ।

**१३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सो को विवरण**

यस कार्यालयबाट प्रकाशन गरिएका सूचनाहरु यस कार्यालयको वेवसाइट तथा फेसबुक पेजमा प्रकाशित छन् ।

**पुनश्चः** उल्लिखित संक्षिप्त रुपमा सार्वजनिक गरिएको सूचना, जानकारी, तथ्याङ्क र विवरणलाई सकेसम्म शुद्धता र बोधगम्य रुपमा प्रस्तुत गर्न प्रयास गरिएको छ कहि कतै भूल त्रुटी भए श्रद्धेय पाठकहरुको सुझावको आधारमा समय सापेक्ष सुधार गरी अद्यावधिक गरिने प्रतिबद्धता जाहेर गर्दछौं ।